आज मिति २०७५/०७/०७ गते दिनको १२ बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा भएको कार्यपालिकाको औ बैठकमा निम्नानुनार उपस्थितीमा बैठक बसी देहाय बमोजिम छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजकुमार मल्ल | अध्यक्ष | |
| २ | निर्मला हिम्दुङ्ग | उपाध्यक्ष | |
| ३ | कान्छाराम रुम्बा | सदस्य (वडाध्यक्ष, वडा नं.१) | |
| ४ | सूर्य बहादुर मुक्तान | सदस्य (वडाध्यक्ष, वडा नं.२) | |
| ५ | बाबुलाल स्याङ्तान | सदस्य (वडाध्यक्ष, वडा नं.३) | |
| ६ | संजय कोईराला | सदस्य (वडाध्यक्ष, वडा नं.४) | |
| ७ | चन्द्र सिंह प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.५) | |
| ८ | सिंगलाल प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.६) | |
| ९ | कुल बहादुर प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.७) | |
| १० | रामकृष्ण प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.८) | |
| ११ | रामकुमार वाल्वा थिङ्ग | सदस्य (वडाध्यक्ष, वडा नं.९) | |
| १२ | सन्त ब.प्रजा | सदस्य (कार्यपालिका सदस्य) | |
| १३ | सिमोन बि.क. | सदस्य (कार्यपालिका सदस्य) | |
| १४ | मैना कुमारी गोले | सदस्य (कार्यपालिका सदस्य) | मैना |
| १५ | गौरीमायां स्याङ्तान | सदस्य (कार्यपालिका सदस्य) | गौरी |
| १६ | कर्ण कुमारी राउत | सदस्य (कार्यपालिका सदस्य) | |
| १७ | सुकमायां बि.क. | सदस्य (कार्यपालिका सदस्य) | सुक |
| १८ | रामकुमार पुडासैनी | सदस्य-सचिव | |
| १९ | | | |
| २० | | | |

**प्रस्तावहरु:**

- स्वास्थ्य भवन मर्मत सम्भार सम्वन्धी
- आइ.इ.इ. गर्नका लागि सूचना प्रकाशन सम्वन्धी
- ढुंगा, गिटी, बालुवा सम्वन्धी मनहरी गाउँपालिकासँग भएको सहमति तथा निर्णयको स्विकृती सम्वन्धी ।
- कृषि भ्रमण सम्वन्धी ।
- १० लाख भन्दा बढि योजनाहरुको लागि उपभोक्ता समिति गठनसम्वन्धी समिती गठन सम्वन्धी ।
- न्यायिक समिति खर्च व्यवस्थापन
- विविध

मैना गौरी सुक

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १**

यस गाउँपालिकास्थित कार्यपालिकाको भवन रहेको स्थान नजिकै एक स्वास्थ्य चौकी निर्माण गर्नका लागि गएको आर्थिक वर्षमा मौज्दात रहेको रकम मध्यबाट रु. १० लाख बराबरको रकमको निर्माणस्थलमा घडेरी सम्याउने, पर्खाल निर्माण गर्ने तथा उक्त भवन निर्माणको पूर्वाधार तयार गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस गाउँपालिकाको तपसिल बमोजिमको खोलानाला तथा नदीहरुबाट ढुंगा, गिटी तथा बालुवा उत्खनन् तथा निकासी गर्नका लागि सो क्षेत्रहरुको वातावरणीय प्रभाव मुल्याकंन (आई.ई.ई) गर्नका लागि राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

चुर्लीङ खोला र खहरे दुगुं खोला वडा नं. १

चुर्लीङ खोला वडा नं. २

चुर्लीङ खोला, मनहरी खोला वडा नं. ३

गाराङ्दी खोला वडा नं. ४

जिर्खे खोला र मनहरी खोला वडा नं. ५

लोथर खोला, पाङथली खोला वडा नं. ६

साखंर खोला, रेवती खोला वडा नं. ७

पाङथली खोला, जिर्खे खोला, राघा खोला वडा नं. ८

गोराङ्दी खोला, चौदुङ दोभान, धुरु खोला वडा नं. ९

**निर्णय नं. ३**

यस गाउँपालिका र मनहरी गाउँपालिकाको अध्यक्ष, कार्यालय प्रमुख तथा सम्बन्धीत विषयका विशेषज्ञको उपस्थितीमा मिति २०७५ कार्तिक ६ गते भएको ढुंगा, गिटी, उत्खनन् सम्बन्धी छलफलमा भएको संलग्न बमोजिमको निर्णय तथा सहमति यसै बैठकबाट सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चालु आर्थिक वर्षमा यस गाउँपालिकाले कृषि भ्रमणका लागि विनियोजन गरेको पशु अन्तरगतको १२ नं. शिर्षकको अन्तर जिल्ला अगुवा पशुपालन कृषक भ्रमण तथा अवलोकन कार्यक्रममा रु. २ लाख विनियोजन भएको, त्यसैगरी १० नं. शिर्षक अन्तरगत अन्तर जिल्ला अगुवा कृषक व्यवसायी तथा जनप्रतिनिधि भ्रमण

कार्यक्रममा २ लाख ५० हजार गरी जम्मा ४ लाख ५० हजार विनियोजन भएकोले सोही शिर्षकहरुबाट खर्च गर्ने गरी देहायबमोजिमको उपस्थितिमा तपसिल बमोजिमको मिति समय र स्थानमा कृषक भ्रमणमा जान आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

टनेल खेती गर्ने तथा व्यवसाइक रुपमा कृषी खेती तथा पशुपालन गर्ने अगुवा कृषकहरु, प्रधानमन्त्री कृषि परियोजना, घ्यू, सिमी खेती तथा मौरी पालन गर्ने अगुवा कृषकहरु मध्यबाट १० जना

कार्यपालिका सदस्य १७ जना

कर्मचारी ५ जना गरी जम्मा ३२ जना

**निर्णय नं. ५**

यस गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँसभाबाट पारीत गरेको योजना तथा कार्यक्रमहरुमध्य १० लाख भन्दा माथिका पूर्वाधारजन्य गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको एक उपभोक्ता समिति गठन सम्बन्धी समिति गठन गर्ने निर्णय गरियो ।

- उपाध्यक्ष श्री निर्मला हिमडुङ : संयोजक
- सामाजिक विकास समिति संयोजक श्री रामकुमार वाल्वा : सदस्य
- पूर्वाधार विकास समिति संयोजक श्री रामकृष्ण प्रजा : सदस्य

**निर्णय नं. ६**

यस गाउँपालिकामा रहेको न्यायिक समिति सञ्चालनार्थ तालिम, गोष्ठी तथा सेमिनार आदिको खर्च व्यवस्थापन गर्न गएको आर्थिक वर्षमा मौज्दाद रहेको रकममध्यबाट जम्मा रु. ७ लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।